Research Journal
A Peer Reviewed Multidisciplinary Journal
Vol. X, No. 1, December, 2025
DOI URL: http://dx.doi.org/10.3126/rj.v10i1.93023

# स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आठराई त्रिवेणी गाउँपालिका

शान्तिराम नेपाल
नेपाली शिक्षा विभाग, पाथीभरा क्याम्पस, ताप्लेजुङ, त्रिभुवन विश्वविद्यालय

***Article Info***

***Article History***
Received: March 20, 2025
Reviewed: May 21, 2025
Accepted: May 30, 2025
Published: Dec 30, 2025

*शब्दकुञ्जी*

स्थानीय पाठ्यक्रम, सरोकारवाला, मातृभाषा, पाठ्यक्रम प्रारूप

**लेखसार**

विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी मूल मार्गदर्शक दस्तावेजको रूपमा रहेको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम मातृभाषामा शिक्षा पाउने अवस्थाको सुनिश्चितताका लागि स्थानीय पाठ्यक्रमको व्यवस्था गरेको छ । स्थानीय ज्ञान, सिप तथा प्रविधि आदिको विकास र स्तरोन्नति गर्न तथा स्थानीय आवश्यकता, रुचि र सामाजिक, सांस्कृतिक अभ्यासहरूमा केन्द्रित भई स्थानीय पाठ्यक्रम निर्माण गर्न यसले मार्गदर्शन प्रदान गरेको छ । निर्देशिकाले तय गरेअनुसार स्थानीय पाठ्यक्रम विद्यालयका प्रधानाध्यापक, शिक्षक र समुदायका सदस्यहरू तथा बुद्धिजीवीहरू सम्मिलित भई निर्माण गरिने प्रक्रिया हो । यस लेखमा स्थानीय पाठ्यक्रमको अवधारणा, स्थानीय पाठ्यक्रम विकासका लागि हालसम्म भएका अभ्यास, ताप्लेजुङ जिल्ला अन्तर्गत रहेको आठराई त्रिवेणी गाउँपालिकामा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई उजागर गर्ने प्रयास गरिएको छ । स्थानीय पाठ्यक्रम विकासको नीतिगत व्यवस्था र हालसम्म गरिएका अभ्यासहरूको विश्लेषण गर्नुका साथै आधारभूत तहमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको अवस्था पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । यस अध्ययन कार्यमा प्राथमिक र द्वितीय साधन र स्रोतको प्रयोग गरिएको छ । यो अध्ययन वर्णनात्मक एवम् विश्लेषणात्मक विधिमा आधारित भई तयार गरिएको छ । निष्कर्षमा केही संस्थागत विद्यालयमा बाहेक सबै सामुदायिक विद्यालयमा गाउँपालिकाको सक्रियतामा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी कार्यान्वयन भएको देखिन्छ । विशेष प्राविधिक सहयोग बाहेक स्थानीय स्रोत, साधन र जनशक्तिको प्रयोग गरेको हुँदा स्थानीय ज्ञान, सिप, प्रविधिको विकासमा गाउँपालिकाको भूमिका महत्वपूर्ण रहेको देखिन्छ । यसका अलावा संस्थागत विद्यालयमा पनि समुदायको माग बमोजिम स्थानीय पाठ्यक्रम अनिवार्य लागु गराउन आवश्यक छ ।

**स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आठराई त्रिवेणी गाउँपालिका**

पाठ्यक्रमको विकास राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र सामाजिक परिवेशका आधारमा गरिन्छ । राष्ट्रिय आवश्यकतालाई मात्र पाठ्यक्रमले स्थान दिँदा स्थानीय आवश्यकताहरू ओझेलमा पर्न सक्ने सम्भावना रहन्छ । केन्द्र तहबाट निर्माण गर्ने पाठ्यक्रमले स्थान विशेषका आवश्यकतालाई उचित सम्बोधन गर्न सक्दैन । नेपालमा समग्र राष्ट्रको प्रतिनिधित्व गर्न सक्ने, स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता र स्वामित्व स्थापना गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न खोजेको छ । स्थानीय स्रोत र विज्ञतालाई प्रतिनिधित्व गर्ने, पाठ्यक्रम निर्माणमा विद्यालय र स्थानीय तहलाई जिम्मेवार वनाउने र क्षमता विकास गराउने उद्देश्यले पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवधारणा ल्याइएको हो । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता समेट्नु पर्दछ । स्थानीय आवश्यकतालाई पहिचान गरी विकास गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय आवश्यकताका विषयवस्तु त्यहीँका नागरिकको अपनत्व हुने गरी सरोकारवालाले स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी विकास गर्ने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तु हुनु पर्दछ (धमला, २०७५) । स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरूको सहभागिता तथा आवश्यकता र औचित्यका आधारमा तयार गरिने योजना हो । स्थानीय भन्ने बित्तिकै स्थानीय व्याक्तिको आवश्यकता, विषयवस्तु तथा निर्माणमा स्थानीय विज्ञ वा व्याक्तिको संलग्नता हो । स्थानीय पाठ्यक्रम विद्यालय, समुदाय भित्र रहेका व्याक्तिको चाडपर्व, धर्म, संस्कार संस्कृति, प्राकृतिक स्रोत साधन, भूगोल, भाषा, भेषभूषा, पेशा आदि सँग सम्वन्धित रहेर निर्माण गरिनु पर्दछ (दाहाल, २०७७) नेपाल जातजाति, भाषाभाषी र धार्मिक विविधतायुक्त मुलुक भएकाले यहाँ रहेका जनताहरूको आवश्यकता, चाहना पनि फरक फरक रहेको पाइन्छ । केन्द्रबाट निर्माण तथा कार्यान्वयन गरिएको पाठ्यक्रमले उक्त मानिसहरूको आवश्यकता, चाहना पूरा गर्न नसक्ने भएकाले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ । (मिश्र, २०२३) स्थानीय पाठ्यक्रममा स्थानीय विषयवस्तु हुनुपर्दछ । स्थानीय समुदायमा आधारित ज्ञान, सिप, प्रविधि हुनु जरुरी हुन्छ । अर्थात् मातृभाषा, स्थानीय भाषा, संस्कृति, ऐतिहासिक विषयवस्तु, स्थानीय सिपमध्येबाट स्थानीय पाठ्यक्रमको विषयवस्तु समेट्न सकिन्छ । स्थानीय पाठ्यक्रम स्थानीय तहबाट नै विकास गरिन्छ । स्थानीय मानवीय तथा भौतिक स्रोतको उपयोग हुन्छ । यसको विकासमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता

रहनुका साथै अपनत्व समेत रहन्छ। स्थानीय ज्ञानको उजागर गरी अनुभाव साटासाट गर्न स्थानीय पाठ्यक्रम विकास गर्न र कार्यान्वयन गर्न खोजिएको छ।

**उद्देश्य**

प्रस्तुत अध्ययनको उद्देश्य आठराई त्रिवेणी गाउँपालिकामा स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्थाको विश्लेषण गर्नु रहेको छ। स्थानीय पाठ्यक्रमको विकास र हालसम्म गरिएका अभ्यासहरूको विश्लेषण गर्नुका साथै आधारभूत तहमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको अवस्था पत्ता लगाउन यो अनुसन्धान गरिएको छ।

**पूर्वकार्यको समीक्षा**

धमला (२०७५) ले स्थानीय पाठ्यक्रमको परिचय, स्थानीय पाठ्यक्रमको अवधारणा र निर्माण, पाठ्यक्रम निर्माणका आधार, स्थानीय पाठ्यक्रम विकास, स्थानीय पाठ्यक्रमको ढाँचा, स्थानीय पाठ्यक्रम विकासका लागि सम्भावित विषयहरू, यसको विकासमा संलग्न निकायहरूसमेत समावेश गरिएको लेख अध्ययन गरिएको छ।

दाहाल (२०७७) ले स्थानीय पाठ्यक्रमको परिचय, अवधारणा, नीतिगत प्रावधान, अन्तर्राष्ट्रिय अभ्यास, स्थानीय पाठ्यक्रमको मूल मर्म, कार्यान्वयनको अवस्था, स्थानीय पाठ्यक्रम कार्यान्वयनको उपाय जस्ता कुराहरू समावेश गरिएको छ।

यसरी बनाउन सकिन्छ स्थानीय पाठ्यक्रम शीर्षकमा शिक्षक मासिकमा २०७४ साल असार १ गते प्रकाशित महेन्द्र विष्टको लेखमा स्थानीय पाठ्यक्रमका पक्षहरू, स्थानीय पाठ्यक्रम निर्माणका चुनौतीहरू, स्थानीय पाठ्यक्रमका विषयवस्तुहरू, स्थानीय पाठ्यक्रम निर्माणका चरणहरूसमेत समावेश गरिएको छ।

कुँवर (२०२४) ले स्थानीय पाठ्यक्रमको परिचय, पृष्ठभूमि, स्थानीय पाठ्यक्रमका सम्भाव्य विषय क्षेत्रहरू, नीतिगत व्यवस्था, स्थानीय पाठ्यक्रमसँग अन्तःसम्बन्धित गणितका क्षेत्रहरू, परम्परागत मापन प्रणाली, स्थानीय पाठ्यक्रम अभ्यासको अवस्था, गणितीय विषय क्षेत्र र धारणा प्रवर्द्धनका तरिकाहरू, गणितीय विषयक्षेत्रको सम्बर्द्धन, स्थानीय पाठ्यक्रममा गणितको एकीकरण र अन्तरसम्बन्ध जस्ता कुराहरू समावेश गरिएको छ। लेखमा स्थानीय पाठ्यक्रम विकासको सामान्य जानकारीसहित स्थानीय पाठ्यक्रममा गणितीय विषयक्षेत्रको स्थान, अवस्था र महत्वलाई उजागर गर्ने प्रयास गरिएको छ।

मिश्र (२०२३) ले फाकफोक थुम गाउँपालिकालाई केन्द्रविन्दुमा राखेर स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्थाको अध्ययन गर्नु भएको छ । जसमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था, पाठ्यक्रमको आवश्यकता, प्रभावकारिता, कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरू प्रस्तुत गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) अनुसार स्थानीय आवश्यकता र समस्यालाई मध्यनजर गरी स्थानीय तहका बुद्धिजीवीहरूको सहभागितामा स्थानीय ज्ञान, सीप, अभिवृत्ति, मूल्य र सक्षमतालाई प्राथमिकता दिई तयार पारिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।

स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन सम्बन्धी स्रोत सामग्री (२०६८) अनुसार “स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सीप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ । ”

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६) अनुसार स्थानीय पाठ्यक्रम हुनका लागि स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञता आवश्यक हुने कुरा उल्लेख गरेको छ । यसैगरी स्थानीय पाठ्यक्रमले परम्परागत ज्ञान, सिप र प्रविधि तथा स्थानीय ज्ञानको उजागर गर्दछ । यसले स्थानीय ज्ञानको खोजी गर्दछ र नवीनतम ज्ञान एवम् सिपको विकासमा सहयोग पुर्‍याउँछ । स्थानीय मूल्य, मान्यता, रीतिरिवाज, संस्कार, संस्कृति, पेशा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्धनमा सहयोग पुर्‍याउनुको साथै तिनको हस्तान्तरणमा यसले योगदान पुर्‍याउँछ । पाठ्यक्रमको स्थानीयकरणले शिक्षकको क्षमता र दक्षता अभिवृद्धि गराउने, विद्यालयको पाठ्यक्रम निर्माण गर्ने संस्थागत क्षमता विकास हुने, समुदाय र विद्यालयको सम्बन्ध सुधार हुने र अभिभावकले समेत पाठ्यक्रम निर्माण र कार्यान्वयनमा चासो राख्ने तथा पाठ्यक्रम निर्माण, कार्यान्वयन देखि अनुगमन मुल्याङ्कनसम्मका कार्यमा स्थानीय सरोकारवालाको सक्रिय सहभागिता अभिवृद्धि हुन्छ ।

नेपालको संविधान (२०७२) को शिक्षा सम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनिएको छ। यसैगरी भाषा तथा संस्कृतिको हकमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार भित्र भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास शीर्षकमा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने, पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास गर्ने, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने, प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,  भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य गर्ने कुरा उल्लेख गरेको छ ।

वास्तवमा, सिकारुका दैनिक आवश्यकता र समस्याहरूलाई समाधान गर्न उपयोगी हुने स्थानीय ज्ञान, सीप, मूल्यमान्यतालाई प्राथमिकता दिई स्थानीय परिवेश अनुकूल स्थानीय स्रोत साधन र विज्ञता प्रयोग गरी निर्माण गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्दछ। स्थानीय स्रोत साधन र विज्ञताको उपयोग गर्दछ। सिक्ने र सिकाउनेको सहभागिता सुनिश्चित गर्दछ। अपनत्वको भावना विकास गराउँछ। स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्दछ। रोजगार र स्वरोजगारको सिर्जना गर्दछ। स्थानीय पाठ्यक्रम स्थानीय मागमा आधारित हुन्छ र यसले व्यवहारिक पक्षमा जोड दिन्छ।

## विधि तथा प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः गुणात्मक अध्ययन विधिमा आधारित रहेको छ। स्थानीय पाठ्यक्रम विकासका सम्बन्धमा हालसम्मका अभ्यासहरू विश्लेषण गर्न सहायक स्रोतको अध्ययन गरिएको छ। पाठ्यक्रम कार्यान्वयनका सन्दर्भमा ताप्लेजुङ जिल्लाअन्तर्गत रहेको आठराई त्रिवेणी गाउँपालिकालाई मुख्य अध्ययन क्षेत्र मानी

यो अध्ययन गरिएको छ । खुला प्रश्नावलीको माध्यमबाट गाउँपालिकाले दिएको तथ्यको आधारमा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय तहको भूमिकाका सन्दर्भमा विश्लेषण गरिएको छ । यस अध्ययनमा प्राथमिक तथा सहायक दुवै स्रोतको प्रयोग र विश्लेषण गरिएको छ ।

**नेपालमा स्थानीय पाठ्यक्रम विकाससम्बन्धी अभ्यास :**

नेपालमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनको अभ्यास त्यति पुरानो छैन । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले गरेको सिफारिस अनुसार जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारी विकास गर्नुपर्छ, प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकलाई सुहाउँदो व्यवस्था गर्नु उपयुक्त हुन्छ । कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्नसक्ने र सो को स्वीकृति शिक्षा मन्त्रालयबाट लिनुपर्ने सिफारिस गरेको थियो । नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमको रूपमा राष्ट्रिय भाषाहरूको प्रयोग गर्न सकिने , नेपाली बाहेक नेपालमा बोलिने अन्य भाषाहरूमा पठनपाठनका लागि चाहिने आवश्यक पाठ्यसामग्री उपलब्ध हुन नसकेमा त्यस्तो पाठ्यसामग्री उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने, बहुभाषिक समुदायका बालबालिकालाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्न सिफारिस गरिएको थियो (शर्मा, पृ.७५५) ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयको व्यवस्था गरेको थियो । यस विषयको पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेका थियो । तत्सम्बन्धमा गरेको व्यवस्था अनुसार विद्यालयमा पठनपाठन हुने मातृभाषाको छनोट गर्दा बहुसंख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने, मातृभाष अध्यापन गराउन नसक्ने विद्यालयले स्थानीय तहका लागि उपयोगी पेसा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठनपाठन गराउन सकिने र यसको निर्माण स्रोतकेन्द्र र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्ने व्यवस्था गरेको थियो । सोही पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा

विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घण्टी, सिर्जनात्मक कलाका लागि १९ घण्टी र शारीरिक शिक्षाका लागि १२ घण्टी निर्धारण गरेको थियो ।

आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ अनुसार कक्षा ६-८ को पाठ्यक्रममा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको थियो । संस्कृत र गुरुकूल तर्फ स्थानीय पाठ्यक्रम नभएको र गोन्पा तथा विहार तर्फ स्थानीय पाठ्यक्रमको व्यवस्था थियो । स्थानीय पाठ्यक्रम सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने, स्थानीय तहका लागि उपयोगी सिप, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तु आफैंले छनोट गर्ने व्यवस्था गरेको थियो ।

यसैगरी आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम २०७६ अनुसार स्थानीय विषयअन्तर्गत मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप समावेश गरेको छ । यस अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्ने, स्थानीय विषयअन्तर्गत मातृभाषा वा मातृभाषा र स्थानीय विषय समावेश गर्नुपर्ने, सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषय क्षेत्रका क्रियाकलापहरूसँग पनि सम्बन्धित गराउनुपर्ने, स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ, अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने, संस्कृत र परम्परागत शिक्षामा मातृभाषाका सट्टामा सम्बन्धित भाषा (संस्कृत रचना, भोट भाषा, अरेबिक र उर्दू भषा, किरात लिम्बू भाषा आदि) का पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिने, कक्षा १-३ को कुल पाठ्यभार २६ पाठ्यघण्टा मध्ये ५ पाठ्यभारको मातृभाषा स्थानीय विषय समावेश गर्नुपर्ने र यसका लागि वार्षिक १६० घण्टा छुट्याइएको थियो । यसको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन विद्यालयको समेत सहभागितामा स्थानीय तहले गर्ने व्यवस्था गरेको थियो ।

आधारभूत शिक्षा पाठ्यक्रम, २०७८ (कक्षा ४-५) मा पनि स्थानीय विषयअन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप पर्नेछन् । स्थानीय विषयको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालयले स्थानीय विज्ञ,

अभिभावक तथा स्थानीय तहको सहयोग र समन्वयमा विकास गरी कार्यान्वयनमा ल्याउने छ भनी उल्लेख गरिएको छ । यसका लागि ४ पाठ्यघण्टा र १२८ कार्यघण्टा तोकिएको छ ।

आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (कक्षा ६-८) मा पनि मातृभाषा वा स्थानीय विषय वा संस्कृत भाषाअन्तर्गत मातृभाषा, स्थानीय कला, संस्कृति, संस्कृत भाषा र स्थानीय ज्ञान, सिप, कला तथा प्रविधि पेसा तथा व्यवसाय अभिमुखीकरणसँग सम्बन्धित विषयवस्तुहरू समेट्न सकिनेछ भनिएको छ । यसका लागि ४ पाठ्यघण्टा र १२८ कार्यघण्टा तोकिएको छ ।

२०७७ देखि कक्षा १ मा कार्यान्वयन प्रारम्भ भई चार वर्षको अवधिमा कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको पाठ्यक्रमअन्तर्गत कक्षा १-३ मा स्थानीय पाठ्यक्रमका लागि साप्ताहिक ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा छुट्याइएको छ भने कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टा अर्थात् १२८ घण्टा छुट्याइएको छ ।

स्थानीय पाठ्यक्रमका लागि सम्भावित विषयक्षेत्रहरू स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले निर्धारण गरेको छ । नेपाल बहुभाषिक देश भएको हुनाले मातृभाषालाई मुख्य सम्भाव्य विषय मानेको छ । यसैगरी संस्कृति, सामाजिक विविधता, इतिहास, साँस्कृतिक सम्पदा, पुरातत्त्वलाई पनि सम्भाव्य विषयको रूपमा लिइएको छ । भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग, परम्परागत तथा प्रचलित स्थानीय सिप तथा कला, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण लगायत विविध पक्षलाई स्थानीय पाठ्यक्रमका लागि सम्भावित विषयक्षेत्र भनी तोकेको छ । यस मार्गदर्शनमा पाठ्यक्रम निर्माणको ढाँचा समेत उल्लेख गरेको छ । पाठ्यक्रम निर्माणको ढाँचा तथा स्वरूपअन्तर्गत निम्नलिखित कुराहरू समावेश गरेको छ :

(क) परिचय

(ख) सक्षमता /तहगत उद्देश्य

(ग) विषयवस्तु

(घ) कक्षागत सिकाइ उपलब्धि

(ङ) शिक्षण विधि र प्रक्रिया

(च) विद्यार्थी मूल्याङ्कन

(छ) समय निर्धारण (पाठ्यभार)

(ज) पाठ्यक्रमको विस्तृतीकरण

**स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आठराई त्रिवेणी गाउँपालिका**

पाठ्यक्रम विकास केन्द्रबाट निर्माण हुने पाठ्यक्रमबाट स्थानीय तहको आवश्यकता समेट्न र पूरा गर्न नसक्ने हुँदा स्थानीय पाठ्यक्रम निर्माण गर्नु परेको हो । सरोकारवालाहरूको संलग्नता वृद्धि गरी स्थानीय भाषा, संस्कृति जगेर्ना गर्न स्थानीय तहको ज्ञान, सिप, प्रविधि र उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जोड्ने ज्ञान र सिपको विकास गरी दक्ष जनशक्ति उत्पादन गर्न स्थानीय पाठ्यक्रम औचित्यपूर्ण रहेको छ । नेपालका ७५३ वटै स्थानीय तहमा स्थानीय पाठ्यक्रम कार्यान्वय हुन नसकेको गुनासाहरू विभिन्न अनुसन्धानमा आउने गरेका छन् । पाठ्यक्रम निर्माणको विकेन्द्रित ढाँचा अनुसार स्थानीय तहलाई प्रदत्त अधिकार कार्यान्वयन हुन सकेको छ वा छैन भन्ने कुरा अध्ययन हुन आवश्यक छ । स्थानीय तह पाठ्यक्रमको स्थानीयकरणमा कति जागरुक छ भन्ने पनि अध्ययन गर्न जरुरी छ । स्थानीय सरोकारवालाहरूलाई जिम्मेवार बनाउनु, स्थानीय कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र सम्बर्द्धन गर्नु, सामाजिक विविधताको सम्बोधन गर्नु, स्थानीय स्रोत, साधनको अधिकतम परिचालनबाट कम खर्चमा शिक्षा दिनु, स्थानीय ज्ञान, सिप, प्रविधिलाई विश्वव्यापीकरण गर्नु, विश्वव्यापी ज्ञान, सिप र प्रविधिलाई स्थानीयकरण गर्न स्थानीय पाठ्यक्रम निर्माण गर्न आवश्यक छ ।

स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्न आजको आवश्यकता हुँदा हुँदै पनि देशभर रहेका सबै विद्यालयहरूमा स्थानीय पाठ्क्रम कार्यान्वयन नभएको भन्ने जनगुनासाहरू यदाकदा सुन्न पाइन्छ । यसै सन्दर्भमा यस ताप्लेजुङ जिल्ला अन्तर्गत रहेका आठ वटा गाउँपालिका तथा एउटा नगरपालिका मध्ये सदरमुकामसँग सीमाना जोडिएको तर तमोर खोलाले सीमाना छुट्याएको आठराई त्रिवेणी गाउँपालिकामा स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनको स्थिति पत्ता लगाउन यो अध्ययन गरिएको छ । पालिकाले स्थानीय पाठ्क्रम निर्माण र कार्यान्वयन गरे नगरेको जानकारी शिक्षाशाखा प्रमुखसँग मागिएको थियो । जस अनुसार आठराई त्रिवेणी गाउँपालिकामा संस्थागत विद्यालय ३ वटा र सामुदायिक विद्यालय ३३ वटा रहेको देखिन्छ । हाल कक्षा एकदेखि कक्षा आठसम्म सबै सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेको देखिन्छ ।

३३ वटा सामुदायिक विद्यालय मध्ये ७ वटा सामुदायिक विद्यालयमा माध्यमिक तहको पढाइ हुन्छ । आधारभूत तहका सबै कक्षाहरूमा सबै विद्यालयले स्थानीय पाठ्यक्रम कार्यान्वयन गरेका छन् । जसमध्ये

२७ वटा विद्यालयले गाउँपालिकाले तय गरेको आठराइ त्रिवेणीको सेरोफेरो लागु गरेका छन् । स्थानीयको माग अनुसार ५ वटा विद्यालयले लिम्बू मातृभाषाको आनिपान र एउटा विद्यालयले शेर्पा मातृभाषाको पाठ्यक्रम लागु गरेको देखिन्छ । स्थानीयको माग अनुसार विद्यालय र समुदायको रोजाइमा तीन वटै विषय मध्ये विद्यालयको माग अनुसार पाठ्यक्रमको स्वीकृति दिइएको छ । ३ वटा संस्थागत विद्यालयले भने स्थानीय पाठ्यक्रम लागु गरेका छैनन् तर लागु हुने चरणमा रहेको बताएका छन् ।

आठराई त्रिवेणी गाउँपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गर्दा संस्थागत रूपमा प्राविधिक सहयोग लिएको बुझिन्छ । निश्चित विधि र प्रक्रियाका माध्यमबाट पाठ्यक्रम निर्माण गर्न इच्छुक कन्सल्टेन्सीसँग आवेदन माग गरी छनौट प्रक्रियाका आधारमा संस्थागत सहयोग लिएको देखिन्छ । स्थानीय शैक्षिक सरोकारवाला, शिक्षक, बुद्धिजीवी, समाजसेवी, राजनैतिक व्यक्तित्व तथा आम सहभागिताका आधारमा आठराई त्रिवेणीको सेरोफेरो समेटेर पाठ्यक्रम निर्माण गरिएको छ । यो पाठ्यक्रम २०७८ सालमा निर्माण गरी कार्यान्वयनमा आएको देखिन्छ । शिक्षकको आवश्यक सामग्री पाठ्यक्रम भएपनि विद्यार्थीकालागि पठन सामग्रीको रूपमा २०८० सालदेखि उक्त स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक प्रकाशन गरी विद्यार्थीलाई प्रदान गरिएको छ । पाठ्यपुस्तक लेखनका लागि आठराई त्रिवेणी गाउँपालिकामा कार्यरत शिक्षकहरू छनोट गरी जिम्मेवारी दिइएकोले स्थानीय ज्ञान, सीप र प्रविधिलाई उजागर गर्ने प्रयास भएको छ ।

स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन मार्गदर्शनले मातृभाषालाई मुख्य सम्भाव्य विषय मानेको हुँदा स्थानीय सरोकारवालाहरूको आवश्यकता र माग बमोजिम आनिपान र शेर्पा भाषाको अध्यापन गराउनु स्थानीय पाठ्यक्रमको मर्म अनुरूप नै रहेको देखिन्छ । यसैगरी संस्कृति, सामाजिक विविधता, इतिहास, साँस्कृतिक सम्पदा, पुरातत्त्वलाई पनि सम्भाव्य विषयको रूपमा लिइएको तथा भूगोल, प्राकृतिक सम्पदा र तिनको सदुपयोग, परम्परागत तथा प्रचलित स्थानीय सिप तथा कला, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण लगायत विविध पक्षलाई स्थानीय पाठ्यक्रमका लागि सम्भावित विषयक्षेत्र मानेकोले आठराई त्रिवेणीको सेरोफेरो विषयको पाठ्यक्रम लागु गर्नु पनि स्थानीय पाठ्यक्रमको मर्म अनुरूप रहेको देखिन्छ तर स्थानीय पाठ्यक्रम निर्माण गर्दा स्थानीय स्रोत साधनको अधिकतम् प्रयोग गर्नु पर्ने मान्यता रहेता पनि पाठ्यक्रम निर्माण गर्दा बाह्य कन्सल्टेन्ट प्रयोग गर्नु स्थानीय पाठ्यक्रम निर्माणको मर्म विपरित रहेको देखिन्छ ।

वर्तमान समयमा स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता समेटी स्थानीय ज्ञान र सीपलाई प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको हुन्छ । सरोकारवालाहरूमा मातृभाषाप्रति चासो नभएको होइन विविध कारणले मातृभाषाको पाठ्यक्रम कार्यान्वयन प्रभावकारी रूपमा हुन सकेको छैन । स्थानीय पाठ्यक्रम मुख्यतः निर्माण र कार्यान्वयमा संस्थागत क्षमता अभिवृद्धि नभएको, स्थानीय आवश्यकता र राष्ट्रिय तथा अन्तराष्ट्रिय आवश्यकताबीच सन्तुलन कायम नभएको, स्थानीय आवश्यकता पहिचान गर्ने पद्धति र संयन्त्र विकास नभएको, विकेन्द्रित पाठ्यक्रम निर्माण प्रक्रियालाई स्थापित गर्न नसकेको, स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने जनशक्ति तयार नभएको, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय लगानी र सहयोगको कमी रहेको जस्ता कुराहरू पाठ्यक्रम विकासमा देखिएका समस्या हुन् ।

**स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनको जिम्मेवारी**

केन्द्रिय पाठ्यक्रमले स्थानीय आवश्यकता पूरा गर्न नसक्ने हुनाले स्थानीय पाठ्यक्रमको आवश्यकता बोध गरेको हो । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका आधारमा निर्माण गर्ने कुरा हो । स्थानीय सरोकारवालाहरूको सक्रिय भूमिका रहेमा मात्र स्थानीय पाठ्यक्रमले पूर्णता प्राप्त गर्दछ । स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा बहुपक्षीय संलग्नता जरुरी हुन्छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले विद्यालयलाई जिम्मेवार बनाएको छ । विद्यालयसँग सम्बन्ध राख्ने विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति पनि यसका लागि जिम्मेवार रहन्छन् । यसैगरी विद्यालयले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न नसकेमा पाठ्यक्रम विकास तथा कार्यान्वयनमा स्थानीय तहले जिम्मेवारी लिनु पर्दछ । यसरी नै स्थानीय तथा सामुदायिक संस्थाहरू पनि यसको निर्माण र कार्यान्वयनमा जिम्मेवार हुन्छन् यस अन्तर्गत पनि धार्मिक, सामाजिक, साँस्कृति संघसंस्था, शिक्षक, प्रशिक्षक तथा पेशागत संघसंगठन, उद्योगी व्यवसायी, गैरसरकारी संस्था समेतको जिम्मेवारी रहन्छ । स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गर्न नसकेमा क्षमता विकासमा सहजीकरण गर्न प्रदेश तह सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र समेतको जिम्मेवारी रहन्छ । यसैगरी संघीय तहमा रहेर पाठ्यक्रम निर्माणमा सक्रिय रहेको उच्चतम संस्था पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पनि प्राविधिक सहयोग प्रदान गर्न जिम्मेवार रहन्छन् । यसरी

हेर्दा स्थानीय तह देखि संघीय तहसम्म स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा विभिन्न पक्षहरूको जिम्मेवारी देखिन्छ ।

**निष्कर्ष**

नेपाल सरकारले २०७६ मा आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७७ मा आधारभूत तह ( कक्षा ६-८) पाठ्यक्रम, २०७८ मा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ४-५) तयार गरी लागु गरिसकेको सन्दर्भमा स्थानीय पाठ्यक्रम कार्यान्वयन विषयमा अध्ययन गरिएको छ । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकता समेटी स्थानीय ज्ञान र सीपलाई प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको हुन्छ । यसै सन्दर्भमा अध्ययनको छनोटमा परेको आठराइ त्रिवेणी गाउँपालिकाका ३३ सामुदायिक विद्यालय मध्ये २७ वटा सामुदायिक विद्यालयले आठराइ त्रिवेणीको सेरोफेरो, ५ वटा विद्यालयले मातृभाषा आनिपान र एउटा विद्यालयले शेर्पा भाषा पठनपाठन भएको पाइयो । स्थानीय पाठ्यक्रमको निर्माण गर्दा कन्सल्टेन्सको सहयोग लिनु स्थानीय पाठ्यक्रम निर्माणको मर्म विपरित रहेको देखिन्छ । यस गाउँपालिकामा स्थानीय विषयका पाठ्यपुस्तक आफ्नै गाउँपालिकाका शिक्षकहरूको सहभागितामा कार्यान्वयनमा रहेको पाइयो । तीनवटा संस्थागत विद्यालयले भने स्थानीय विषय पठन पाठन नगरेको भए पनि लागु चरणमा रहेको पाइयो । स्थानीय पाठ्यक्रम निर्माणमा प्राविधिक सहयोग लिएर मात्र स्थानीय पाठ्यक्रम निर्माण गरेको पाइयो । यसरी हेर्दा समाज र अभिभावकको चाहना अनुसार स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा आएको देखिन्छ । यी सम्पूर्ण अवस्थालाई विश्लेषण गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ कि यस गाउँपालिका भित्रका विद्यालयहरूमा स्थानीय अभिभावकको आवश्यकता र गाउँपालिकाको सक्रियताका कारणले स्थानीय विषयको पाठनपाठन भइ रहेको देखिन्छ । आनिपान र शेर्पाभाषा समेतको पठनपाठन भइ रहेकोले गर्दा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनमा स्थानीय तहमा सरोकारवालाको सहभागिता रहेको देखिन्छ । गाउँपालिकाले सामाजिक विविधतालाई उचित सम्बोधन गरेको देखिन्छ तर संस्थागत विद्यालयले लागु गर्ने पाठ्यक्रम पनि नेपाल सरकारले कार्यान्वयनमा ल्याएको पाठ्यत्रम नै भएका कारणले गर्दा स्थानीय तहबाट स्वीकृत नभएका विषय अध्यापन गर्न छुट छैन । संस्थागत विद्यालयले पनि स्थानीय तहबाट स्वीकृत गराई स्थानीय आवश्यकताका विषय अध्यापन गराउनु पर्ने देखिन्छ ।

**सन्दर्भ ग्रन्थसूची**


कुँवर, राजेन्द्र (२०२४), *स्थानीय पाठ्यक्रममा गणितीय विषयक्षेत्रको स्थान र अवस्थाः एक अध्ययन,* जर्नल (अनलाइन) *available:* https://doi.org/10.3126/tej.v12i1.64910

दाहाल, हरिप्रसाद (२०७७), *स्थानीय पाठ्यक्रमः मर्म र यथार्थता,* एजुकेसन पाटी, श्रावण *१२* (अनलाइन) *available:https://educationpati.com/uharisirrar1/*

धमला, खिलानाथ (२०७५), *स्थानीय पाठ्यक्रमबारे केही कुरा,* इडुखबर, असार १५ (अनलाइन) *available: https://www.edukhabar.com/news/11970*

निउरे, ध्रुवप्रसाद (२०७४), *पाठ्यक्रम तथा मूल्याङ्कन,* क्वेष्ट पब्लिकेसन प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम,* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६,* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०७६), *स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित),* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०७७), *आधारभूत शिक्षा पाठ्यक्रम, २०७७ (कक्षा ६-८) पाठ्यक्रम,* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *आधारभूत शिक्षा पाठ्यक्रम, २०७८ (कक्षा ४-५),* नेपाल सरकार ।

विष्ट, महेन्द्र (२०७४), *यसरी बनाउन सकिन्छ स्थानीय पाठ्यक्रम,* शिक्षक मासिक, असार १ (अनलाइन) *available: https://ln.run/FVPKU*

मिश्र, प्रेमलाल (२०२३), *स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था:,* रिसर्च जर्नल, भोल्युम ८ (अनलाइन) *available: https://doi.org/10.3126/rj.v8i1.61279*

शर्मा, गोपीनाथ (२०७१), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* मकालु प्रकाशन गृह ।